NIC ASIA CAPITAL

idea to IPO
Connecting the dots...

# प्रेस विज्ञप्ति
# आषाढ ३१, २०८३

**एन आई सी एशिया क्यापिटलले पहिलो पटक विदेशमा बसोबास गर्ने नेपालीहरुलाई लक्षित गरी "Personal Finance & Investment Masterclass" सम्बन्धी कार्यक्रम दोहा, कतारमा सम्पन्न गरेको छ ।**



एन आई सी एशिया क्यापिटलले आफ्नो संस्थागत सामजिक उत्तरदायित्व अन्तर्गत नियमित रुपमा विविध कार्यक्रम संचालन गर्दै आइरहेको छ । सोही कार्यलाई निरन्तरता दिने क्रममा खाडी मुलुकहरुमा वैदेशिक रोजगारीमा जाने नेपालीहरुको संख्या अत्याधिक रहेको र उनीहरुमा वित्तीय तथा पूँजी बजार सम्बन्धी साक्षरता अभिवृद्धि गराउनु पर्ने देखिएको हुँदा खाडी मुलुक मध्ये कतारमा मात्र करिब ३ लाख ५० हजार भन्दा बढी नेपालीहरु वैदेशिक रोजगारीमा रहेको देखिएको हुँदा यस क्यापिटलले पहिलो पटक **"विदेशमा कमाऔं, नेपालमा सम्पत्ति बनाऔं"** भन्ने नारा सहित "Way To Success Consulting and Training Center" संचालकहरु सँगको सहकार्यमा विदेशमा रहेका नेपालीहरुलाई लक्षित गरी "Personal Finance & Investment Masterclass" मिति २०८३ आषाढ २६ गते Gloria Hotel & Suites, Doha, Qatar मा सम्पन्न गरेको छ ।

उक्त कार्यक्रममा क्यापिटलका उच्च व्यवस्थापन तहका अधिकारीहरुले नेपालीहरुलाई लक्षित गरी निम्न विषयहरुमा जानकारी तथा छलफल गरिएको थियो ।

- Diaspora Account Solutions
- SIP, IPO, Share, DeMat & Meroshare Account
- Assets Management in Nepalese Capital Markets
- Connecting the Global Nepalese Diaspora to opportunities at Nepal
- Idea to IPO Beyond the Border

साथै सोही कार्यक्रममा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले प्राथमिक शेयर निष्काशनको समयमा के कसरी आवेदन दिन सकिन्छ, आवेदन दिँदा ध्यान दिने कुराहरु, सामूहिक लगानी कोषको इकाई तथा SIP खरिद गर्दा ध्यान लिनुपर्ने कुराहरु, धितोपत्रको दोश्रो बजारमा कारोवार गर्दा ध्यान दिनुपर्ने कुराहरु सहित नेपालमा उपलब्ध लगानीको विविध अवसरहरु र त्यहा बस्ने नेपालीहरुलाई नेपालमा लगानी गर्ने प्रक्रिया, विदेशमा कमाएको पैसा वैधानिक माध्यमबाट कसरी नेपाल पठाउने लगायत पछिल्लो समयमा नेपालमा उपलब्ध लगानीको अवसरहरुको सम्बन्धमा विस्तृत जानकारी गराई अन्तरक्रिया गरिएको थियो । उक्त कार्यक्रममा वैदेशिक रोजगारीमा रहेका तथा कतारमा व्यवसाय गरी बसोबास गर्ने १४० जना भन्दा बढी नेपालीहरुको सक्रिय सहभागिता रहेको थियो ।

Ramendra

रामेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

NIC ASIA CAPITAL

# NIC ASIA Capital Completes its First-Ever "Personal Finance & Investment Masterclass" targeting Nepalese Diaspora residing in Doha, Qatar



NIC ASIA Capital has for the first time successfully conducted a program on "Personal Finance & Investment Masterclass" targeting Nepalese residing outside Nepal which was held on 10th July 2026 in Doha, Qatar.

NIC ASIA Capital since its establishment has been regularly conducting various programs under its Corporate Social Responsibility (CSR) initiatives, with the sole objective of enhancing and educating capital market and financial literacy among students, professionals from varied sectors as well as the general public within the country.

In keeping with this endeavor, NIC ASIA Capital organized a financial literacy and interaction program on "Personal Finance & Investment Masterclass" in collaboration with "Way To Success Consulting and Training Center, Nepal and Way To Success FZC LLC, UAE" on 10th July 2026 at Gloria Hotel & Suites, Doha, Qatar targeting the Nepalese diaspora, under the slogan "Earn Abroad, Build Assets in Nepal. The sole objective to conduct this program was to provide awareness and educate the Nepalese diaspora on capital markets and investment opportunities in Nepal. This program was specifically conducted in Qatar as more than 350,000 Nepalis are engaged in foreign employment as well as the fact that their financial and capital market literacy appear to be at a lesser extent.

The program conducted by the officials of the Capital provided detailed information, interactions and led discussions with Nepalese on topics relating to the overall capital market, including but not limited to;

- Diaspora Account Solutions
- SIP, IPO, Share, Demat & Meroshare Accounts
- Asset Management in the Nepalese Capital Market
- Connecting the Global Nepalese Diaspora to Opportunities in Nepal
- Idea to IPO: Beyond the Border

Likewise, the program, also highlighted on topics including: Initial Public Offerings (IPOs) offered to the migrant workers; processes and key considerations on such applications, major areas to look into when investing in mutual fund units and enrollment in Systematic Investment Plan (SIP) along with its long term benefits; considerations when trading securities in the secondary market; investment opportunities available in Nepal and the process for Nepalis residing there to invest in Nepal; how to remit money earned abroad to Nepal through legal channels; and the various investment avenues available in Nepal. The program witnessed an active participation of more than 140 Nepalese engaged in foreign employment as well as the Nepalese business personnels in Qatar.

Ramendra Rayamajhi
Chief Executive Officer

१ नेपाली एक DEMAT

मेरो लगानी, मेरो भविष्य